apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः २४२ ● पृष्ठः ४ ● ०१ असोज २०८३ विहीबार (17 September 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

# ५०५ किलोको लड्डुसहित सिरहामा गणेश पूजा

अपन दैनिक संवाददाता
सिरहा, भदौ ३१ गते

नेपालमै सबैभन्दा ठुलो र बढी तौलको शुद्ध घ्यूमा बनाइएको ५०५ किलोको सिङ्गो लड्डुसहित सिरहा सदरमुकाममा गणेश पूजा तथा मेला सुरु भएको छ।

सिरहा सदरमुकाममा यस वर्ष १२औं पटक आयोजना गरिएको गणेश मेलामा गत वर्षभन्दा ठुलो सिङ्गो लड्डु बनाएर पूजापाठ सुरु गरिएको हो। गत वर्ष ४८१ किलोको सिङ्गो लड्डु निर्माण गरिएको थियो।

असोज ४ गतेसम्म सञ्चालन हुने यस वर्षको गणेश मेलामा शुक्रबार विशेष महाआरतीको आयोजना गरिने आयोजकले जनाएको छ। सिङ्गो लड्डुसहित गणेशको पूजापाठ सुरु भएपछि सिरहा, धनुषालगायत विभिन्न जिल्लाबाट हजारौं दर्शनार्थी सिरहा सदरमुकाम पुग्ने गरेका छन्।




मेलाको प्रमुख आकर्षणका रूपमा रहेको सिङ्गो लड्डुले गणेश मेलाको रौनक थपेको छ। शुद्ध घ्यूमा तयार पारिएको लड्डु मेला सम्पन्न भएपछि प्रसादका रूपमा भक्तजनलाई वितरण गरिने आयोजकले जनाएको छ।

गणेश पूजा तथा मेलाका क्रममा विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिँदै आएको छ।

मधेश प्रदेशमा सिरहासँगै वीरगञ्जमा पनि गणेश पूजा तथा मेला भव्य रूपमा आयोजना हुने गरेको छ।

## आज विश्वकर्मा पूजा



अपन दैनिक संवाददाता

आज विश्वकर्मा पूजा मनाइँदैछ। हरेक वर्ष कन्या संक्रान्तिको दिन विश्वकर्मा पूजा गरिन्छ।

यो दिन भगवान विश्वकर्माको जन्म भएको थियो यसैले यस दिनलाई विश्वकर्मा जयन्ती पनि भनिन्छ।

विभिन्न कलकारखानामा विश्वकर्मा भगवान्को तस्वीरमा विधिपूर्वक पूजाआराधना गरी यो दिवस मनाउने गरिन्छ।

कलकारखानालाई विशेष रुपमा सजाएर श्रमिकले यो दिवस भव्यताका साथ मनाउँछन्। बालुवा अन्य चीजबाट बनाइएको विश्वकर्माको मूर्ति वाग्मती मुहानस्थल सुन्दरीजल

बाँकी पृष्ठ ३

## राष्ट्रिय पाठ्यक्रम प्रारुप परिमार्जनका लागि देशभरबाट कस्ता आए सुझाव ?



अपन दैनिक संवाददाता
सिरहा, भदौ ३१ गते

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को परिमार्जनका लागि देशभरबाट संकलित सुझावमा नैतिक शिक्षा, संस्कार, कृत्रिम बुद्धिमत्ता (एआई), कोडिङ, जलवायु परिवर्तन, सीप तथा उद्यमशीलतालाई प्राथमिकताका साथ समेट्नुपर्ने विषय उठेको छ।

पाठ्यक्रम विकास केन्द्रका अनुसार सातै प्रदेशका ४६ केन्द्रमा सञ्चालित सुझाव संकलन अभियानमा २५ हजारभन्दा बढी व्यक्ति सहभागी भए। २८ भन्दा बढी जिल्लाका विद्यालय, कक्षाकोठा, गाउँपालिका र नगरपालिकासम्म

बाँकी पृष्ठ ४

## मधेश सरकारलाई दिएको समर्थन फिर्ता लिने एमालेको चेतावनी

अपन दैनिक संवाददाता
जनकपुरधाम, भदौ ३१ गते

मधेश प्रदेशमा सत्ता साझेदार दल एमालेले सरकारप्रतिको समर्थन फिर्ता लिने चेतावनी दिएको छ। मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनताको भावना अनुरूप काम गर्न नसकेको भन्दै एमाले असन्तुष्ट देखिएको हो।

मधेश प्रदेश सभा, एमाले संसदीय दलका नेता सरोजकुमार यादवले सरकारको रवैया यस्तै रहे एमालेले समर्थन फिर्ता लिने चेतावनी दिए। पूर्वमुख्यमन्त्री समेत रहेका यादवले वर्तमान सरकार गठन पूर्व गरिएको सम्झौता, सहमति कार्यान्वयन गर्न मुख्यमन्त्री उदासीन देखिएको आरोप लगाए।

अपन दैनिकसँग कुरा गर्दै उनले भने, 'सरकारमा जानुपूर्व मुख्यमन्त्रीसँग १५ बुँदे सम्झौता गरेका थियौं। यतिका महिना बितिसक्यो, त्यो कार्यान्वयनमा उहाँले ध्यान दिनुभएन। सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने हो भने सरकारमा बसिराख्नुको औचित्य छैन।'



मुख्यमन्त्री अहिले विदेश भ्रमणमा रहेको जनाउँदै एमाले संसदीय दलका नेता यादवले मुख्यमन्त्री फर्किएपछि यो विषयमा एक पटक गम्भीर कुराकानी गर्ने बताए। 'कुरा मिलेन भने एमालेले

बाँकी पृष्ठ ३

## एक क्विन्टल बढी गाँजा बरामद भएको एम्बुलेन्सको दर्ता सामाजिक संस्थाको नाममा

अपन दैनिक संवाददाता
सिरहा, भदौ ३१ गते

पूर्व-पश्चिम हुलाकी सडकअन्तर्गत सिरहा नगरपालिका- १ बाट एक क्विन्टल बढी प्रतिबन्धित गाँजा बरामद भएको एम्बुलेन्स धनुषास्थित एक सामाजिक संस्थाको रहेको खुलेको छ। चालक फरार भएपछि १०५ किलो गाँजा बरामद भएको एम्बुलेन्स धनुषाको नगराइन नगरपालिका देवडिहास्थित 'माँ सहयोगी संस्था'को रहेको खुलेको प्रहरीले जनाएको छ।




जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक बासुदेव पाठकका अनुसार चोहर्वा-सिरहा सहायक सडकअन्तर्गत नेपाल प्रहरीको विष्णुपुर, गुलरिया र जिल्ला प्रहरी कार्यालय अगाडिको ब्यारिकेड तोडेर भागेको ज १ च १२१३ नम्बरको एम्बुलेन्स सामाजिक संस्थाको रहेको खुलेकाले धनुषा प्रहरीसँग समन्वय गरी संस्थाका आधिकारिक प्रतिनिधि झिकाएर एम्बुलेन्ससम्बन्धी कागजात पेस गर्न भनिएको छ।

'संस्थाका प्रतिनिधिले बुझाएको एम्बुलेन्ससम्बन्धी कागजात अध्ययनपछि मात्र निर्णय गर्न सकिन्छ,' उनले भने। उनका अनुसार मंगलबार राति प्रहरीको ब्यारिकेड तोडेर भागेको एम्बुलेन्सको पिछा गर्दै जाने क्रममा करिब ८ बजेतिर पूर्वपश्चिम लोकमार्गमा पर्ने शिवचोक नजिक एम्बुलेन्स रोकेर अँध्यारोमा चालक धानखेततिर भागेपछि प्रहरीले एम्बुलेन्स खानतलासी गर्दा पाँचवटा

बाँकी पृष्ठ ४

## धनुषामा १९ दिनसम्म बालिकालाई बन्धक बनाएर जबरजस्ती करणी, मुख्य प्रतिवादी कारागार चलान

अपन दैनिक संवाददाता
जनकपुरधाम, भदौ ३१ गते

धनुषामा एक बालिकालाई १९ दिनसम्म बन्धक बनाएर जबरजस्ती करणी गरेको अभियोग लागेका मुख्य प्रतिवादी ताहिर राइन पुर्पक्षका लागि कारागार चलान भएका छन्।

धनुषा जिल्ला अदालतले भदौ २६ गते २३ वर्षीय राइनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो। अदालतको आदेशपछि उनलाई कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।




घटनालाई २० लाख रुपैयाँमा मिलाउन दबाब दिएको आरोप लागेका धनौजी गाउँपालिका-५ का वडाध्यक्ष याकुब कवारी भने एक लाख रुपैयाँ धरौटीमा छुटेका छन्। धनुषा जिल्ला अदालतले सोमबार उनलाई धरौटीमा छाड्ने आदेश दिएपछि कवारीले धरौटी रकम बुझाएर छुटेको प्रहरीले जनाएको छ।

घटनापछि फरार रहेका राइन कतार पुगेका थिए। उनलाई इन्टरपोलमार्फत पक्राउ गरी गत साउन २५ गते नेपाल ल्याइएको थियो। पीडित बालिकाको बयानका आधारमा वडाध्यक्ष कवारीलाई पनि धनुषा प्रहरीले गत शुक्रबार पक्राउ गरेको थियो।

धनौजी गाउँपालिकाकी १६ वर्षीया बालिकालाई घरबाट अपहरण

बाँकी पृष्ठ ३



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### टोकन प्रणालीलाई सहज बनाउ

सरकारी कार्यालयमा सेवा लिन जाने नागरिकले लामो समयसम्म लाइन बस्न नपरोस्, सेवा प्रवाह व्यवस्थित होस् र सेवाग्राहीले सहज रूपमा आफ्नो पालो पाओस् भन्ने उद्देश्यले टोकन प्रणाली लागू गरिन्छ। प्रविधि र व्यवस्थापनको सामान्य सिद्धान्त पनि यही हो। सेवा लिन आउने नागरिकको समय, श्रम र खर्च बचाउन सक्छ। तर, टोकन प्रणाली नै सेवाग्राहीका लागि अतिरिक्त झन्झट र आर्थिक भारको माध्यम बन्न थाल्यो भने त्यसको औचित्यमाथि प्रश्न उठ्नु स्वाभाविक हुन्छ। जिल्ला प्रशासन कार्यालय सिरहाले सेवाग्राहीलाई प्रदान गरिने निःशुल्क टोकन बिचौलियामार्फत बिक्री हुने गरेको सुनिनमा आएको भन्दै त्यस्तो गतिविधिमा संलग्न व्यक्तिमाथि कारबाही गर्ने चेतावनी दिनु गम्भीर विषय हो। कार्यालयले टोकन पूर्ण रूपमा निःशुल्क रहेको र टोकन लिन कुनै शुल्क तिर्नु नपर्ने स्पष्ट पारेको छ। साथै, टोकनका नाममा रकम असुली गरेको प्रमाणित भएमा संलग्न व्यक्तिमाथि कारबाही गर्ने र सेवाग्राहीबाट लिइएको रकमसमेत फिर्ता गराउने जनाएको छ।

निःशुल्क भनिएको टोकन सेवाग्राहीले पैसा तिरेर किन्नुपर्ने अवस्था किन आयो ? बिचौलियाले टोकन लिएर बिक्री गर्ने अवस्था कसरी सिर्जना भयो ? सेवाग्राहीले कार्यालयबाट प्रत्यक्ष रूपमा निःशुल्क टोकन पाउने व्यवस्था हुँदाहुँदै बीचमा अर्को व्यक्तिको आवश्यकता किन पर्‍यो ? यी प्रश्नको जवाफ खोजिनु आवश्यक छ। टोकन प्रणालीको उद्देश्य लाइन हटाएर अर्को प्रकारको लाइन सिर्जना गर्नु होइन। बिहानैदेखि सेवाग्राही लाइनमा बस्नुपर्ने, कतिपय अवस्थामा निर्धारित समयभन्दा अगावै टोकन वितरण गर्नुपर्ने र त्यसैको फाइदा उठाउँदै बिचौलिया सक्रिय हुने अवस्था छ भने प्रणालीको व्यवस्थापनमै कमजोरी रहेको देखिन्छ। एउटा लाइनलाई टोकनको अर्को लाइनले विस्थापित गर्नु मात्र सेवा सुधार होइन। अझ महत्वपूर्ण कुरा, सरकारी सेवा लिन आउने नागरिकलाई कार्यालय परिसरमै बिचौलियाको प्रलोभन र आर्थिक शोषणबाट जोगाउनु राज्यको दायित्व हो। सामान्य नागरिकलाई आफ्नो अधिकारको सेवा लिन अतिरिक्त पैसा तिर्नुपर्ने अवस्था सिर्जना हुनु सुशासनको मर्मविपरीत हुन्छ। टोकन निःशुल्क हुँदाहुँदै त्यसका लागि पैसा तिर्नुपर्ने अवस्था आउनु केवल व्यक्तिगत ठगीको विषय होइन, यसले सार्वजनिक सेवा प्रवाहप्रतिको नागरिक विश्वासमा समेत असर पार्न सक्छ।

सरकारी कार्यालयमा लागू हुने कुनै पनि प्रणालीको अन्तिम परीक्षा कागजमा व्यवस्था गरिएको छ कि छैन भन्ने होइन, नागरिकले त्यसबाट वास्तविक रूपमा कति सहज सेवा पाए भन्ने हो। टोकन प्रणालीले सेवाग्राहीको समय बचाउँछ, लाइन व्यवस्थापन गर्छ र सेवा प्रवाहलाई पारदर्शी बनाउँछ भने त्यसको उद्देश्य पूरा भएको मान्न सकिन्छ। तर, त्यसले सेवाग्राहीलाई बिहानैदेखि लाइनमा बस्न बाध्य बनाउने, बिचौलियाको पहुँच बढाउने र निःशुल्क सेवाका लागि समेत अतिरिक्त रकम तिर्नुपर्ने अवस्था सिर्जना गर्छ भने प्रणालीको पुनरावलोकन अपरिहार्य हुन्छ। जिल्ला प्रशासन कार्यालय नागरिकको सबैभन्दा नजिकको महत्वपूर्ण सरकारी सेवा केन्द्रमध्ये एक हो। त्यहाँबाट नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रलगायतका सेवा लिन आउने नागरिकलाई प्रक्रियाको नाममा थप दुःख, खर्च र अनिश्चितता दिनु हुँदैन। सेवा लिन आउने नागरिकलाई शंकाको दृष्टिले होइन, अधिकारप्राप्त सेवाग्राहीका रूपमा व्यवहार गरिनुपर्छ। टोकन प्रणाली नागरिकलाई नियन्त्रण गर्ने माध्यम होइन, नागरिकलाई सहज सेवा दिने माध्यम हुनुपर्छ। त्यसैले सुशासनको अनुभूति नागरिकले सरकारी सूचनामा होइन, सेवा लिन कार्यालय पुग्दा गर्छ। निःशुल्क सेवा साँच्चिकै निःशुल्क हुनु, तोकिएको प्रक्रिया सरल हुनु र बिचौलियाको हस्तक्षेपबिना सम्मानपूर्वक सेवा पाउनु नै सुशासनको वास्तविक आधार हो। टोकन प्रणालीले यही सुनिश्चित गर्न सके मात्र त्यसको औचित्य पुष्टि हुनेछ। अन्यथा नागरिकलाई सहज बनाउन ल्याइएको प्रणाली नै नागरिकका लागि अर्को बोझ बन्नेछ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

AD
अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

# गरिबको स्वास्थ्यमा पहुँच: कागजमा अधिकार, अस्पतालको ढोकामा बोझ



✍ खिलेन्द्रहरि लुईटेल

स्वास्थ्य सेवा पाउनु नागरिकको नैसर्गिक अधिकार हो। नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा स्वीकार गरेको छ। धारा ३५ ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई वञ्चित गर्न नहुने व्यवस्था गरेको छ। जनस्वास्थ्य सेवा ऐन, २०७५ ले पनि यही प्रत्याभूति दोहोर्‍याएको छ।

संविधान र कानुनमा लेखिएको अधिकार अस्पतालको ढोकासम्म आइपुग्दा नागरिकले कति अनुभूत गर्छ त ? यही प्रश्न सप्तरीको एउटा घटनाबाट फेरि राष्ट्रिय बहसको विषय भएको छ।

राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल परिसरबाहिर ३० वर्षीया बबिता कुमारी पासवानले बच्चा जन्माउनुपरेको घटनाले स्वास्थ्य सेवामा पहुँचको गम्भीर प्रश्न उठाएको छ। परिवारले आर्थिक अभावका कारण अस्पतालले भर्ना गर्न नमानेको आरोप लगाएको छ भने अस्पताल प्रशासनले त्यसलाई अस्वीकार गरेको छ। घटनाबारे मन्त्रालय, नेपाल मेडिकल काउन्सिल र स्थानीय तहबाट छुट्टाछुट्टै छानबिन भइरहेको छ। त्यसैले अन्तिम निष्कर्षअघि दोष निर्धारण गर्नु उचित हुँदैन। तर एउटा प्रश्न भने छानबिनभन्दा पनि ठूलो छ – आकस्मिक अवस्थामा गरिब नागरिकको स्वास्थ्य अधिकार व्यवहारमा कति सुरक्षित छ ?

**अधिकारको कागज र व्यवहारको दूरी**

स्वास्थ्य सेवा अस्पताल, चिकित्सक र औषधिमा सीमित विषय होइन। यो जीवन, सम्मान, अवसर र सामाजिक न्यायसँग जोडिएको आधारभूत अधिकार हो।

स्वास्थ्य सेवामा पहुँच भन्नाले अस्पताल पुग्नुमात्र नभएर समयमै उपचार पाउनु, खर्च धान्न सक्नु, आवश्यक औषधि र परीक्षण उपलब्ध हुनु, दक्ष स्वास्थ्यकर्मी भेटिनु, सहज प्रेषण प्रणाली हुनु र सम्मानपूर्वक व्यवहार पाउनु पनि हो। त्यसैले स्वास्थ्य पहुँचका चार आधारभूत स्तम्भ हुन् – समयबद्धता, आर्थिक सुलभता, गुणस्तर र सम्मान।

अस्पताल नजिकै भएरमात्र त अधिकार सुनिश्चित हुँदैन। चिकित्सक नहुनु, औषधि नपाइनु, परीक्षणका लागि निजी प्रयोगशाला धाउनुपर्ने बाध्यता वा प्रशासनिक प्रक्रियामै अल्झिनुपर्ने अवस्था पनि स्वास्थ्य अधिकारको उल्लङ्घन हो। त्यसैले प्रश्न अस्पताल पुग्यो कि पुगेन नभएर उपचार भयो कि भएन' हुनुपर्छ।

**गरिबी र स्वास्थ्यको दुश्चक्र**

गरिबीले रोग बढाउँछ, रोगले गरिबी बढाउँछ। यही दुश्चक्र विपन्न परिवारको सबैभन्दा ठूलो चुनौती हो।

न्यून आय भएका परिवारमा पोषण, स्वच्छ पानी, सरसफाइ र नियमित स्वास्थ्य परीक्षणको पहुँच सीमित हुन्छ। रोग लागेपछि उपचार खर्च थपिँदा ऋण लिनुपर्ने, दैनिक ज्याला गुम्ने वा सम्पत्ति बेच्नुपर्ने अवस्था आउँछ।

विश्व बैंकका अनुसार सन् २०२३ मा नेपालको कुल स्वास्थ्य खर्चको ५९.३९ प्रतिशत हिस्सा घरपरिवारले आफ्नै खल्तीबाट व्यहोरेका थिए। यो आर्थिक तथ्यांकमात्र होइन। उपचार खर्चकै डरले गरिब नागरिक उपचार ढिल्याउने वा त्याग्ने यथार्थको सूचक हो। त्यसैले समान स्वास्थ्य सेवा भन्नाले सबैलाई एउटै सुविधा नभएर आर्थिक रूपमा कमजोर वर्गलाई अतिरिक्त संरक्षण पनि हो।

**निःशुल्क सेवाको सीमित अर्थ**

सरकारले आधारभूत स्वास्थ्य सेवा निःशुल्क घोषणा गरेको छ। तर घोषणामात्र त पर्याप्त हुँदैन। सरकारी अस्पतालमा औषधि अभाव हुँदा बिरामीले बाहिरबाट किन्नुपर्छ। परीक्षण नभए निजी प्रयोगशाला धाउनुपर्छ। विशेषज्ञ सेवा नभए अर्को अस्पताल जानुपर्छ। यातायात, बसाइ र रोजगारी गुम्दाको भार अन्ततः परिवारकै काँधमा पर्छ।

त्यसैले निःशुल्क स्वास्थ्य सेवाको अर्थ बहिरङ्ग टिकटमा सीमित हुनु हुँदैन। औषधि, परीक्षण, उपचार र परामर्शको वास्तविक उपलब्धतासँग जोडिनुपर्छ।

**स्वास्थ्य बीमा : कार्ड होइन, भरोसा**

स्वास्थ्य खर्चको जोखिम घटाउने प्रभावकारी माध्यम स्वास्थ्य बीमा हो। हाल पाँच सदस्यसम्मको परिवारले वार्षिक ३ हजार ५०० रुपैयाँ योगदान गरी एक लाख रुपैयाँसम्मको उपचार सुविधा पाउन सक्छ। अति गरिब, गम्भीर अपाङ्गता भएका, कुष्ठरोगी, एचआईभी संक्रमित, औषधि प्रतिरोधी क्षयरोगी र ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई योगदानमा पूर्ण सहुलियत छ।

तर बीमाको सफलता कार्ड वितरणको सङ्ख्याले मापन हुँदैन। बिरामी अस्पताल पुगेपछि औषधि उपलब्ध छ कि छैन, परीक्षण त्यहीँ हुन्छ कि हुँदैन, विशेषज्ञ सेवा सहज छ कि छैन भन्ने जस्ता प्रश्नको उत्तरले मात्रै बीमाप्रति विश्वास निर्माण गर्छ।

**महिला स्वास्थ्य : मातृत्वभन्दा फराकिलो दृष्टि**

महिला स्वास्थ्यलाई प्रसूतिमा मात्र सीमित गर्नु पर्याप्त छैन। किशोरी स्वास्थ्य, प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य, क्यान्सर, हिंसाजन्य स्वास्थ्य समस्या र वृद्धावस्थासम्म यसको दायरा फैलिएको छ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार ९४ प्रतिशत गर्भवतीले कम्तीमा एकपटक दक्ष स्वास्थ्यकर्मीबाट गर्भजाँच गराएका छन् भने करिब ७९ प्रतिशत प्रसूति स्वास्थ्य संस्थामै हुन्छ। यो उल्लेखनीय प्रगति हो।

तर स्वास्थ्य संस्थामा पुग्नुमात्रै सफलता होइन। समयमै उपचार, दक्ष जनशक्ति, रगत, शल्यक्रिया र आकस्मिक प्रसूति सेवाको गुणस्तर सुनिश्चित हुनुपर्छ। राष्ट्रिय मातृ मृत्यु अध्ययनले अधिकांश मातृ मृत्यु प्रसूतिपछिको अवधिमा, विशेषतः अत्यधिक रक्तस्रावका कारण हुने देखाएको छ। त्यसैले अब नीति 'सुरक्षित प्रसूति' बाट 'जीवनचक्रमा आधारित महिला स्वास्थ्य सेवा' तर्फ उन्मुख हुनुपर्छ।

**नसर्ने र मानसिक रोगको बढ्दो भार**

मुटुरोग, मधुमेह, क्यान्सर र दीर्घ श्वासप्रश्वासजन्य रोग नेपालका प्रमुख स्वास्थ्य चुनौती बनेका छन्। विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०२१ मा कुल मृत्युको करिब ५५ प्रतिशत यिनै रोगका कारण भएको अनुमान छ।

यस्ता रोगले वर्षौंसम्म औषधि, परीक्षण र नियमित उपचार माग गर्छन्। परिवारको कमाउने सदस्य नै बिरामी पर्दा आयको स्रोत कमजोर हुन्छ। त्यसैले स्थानीय स्वास्थ्य संस्थामै रक्तचाप, मधुमेह परीक्षण, प्रारम्भिक जोखिम पहिचान र औषधिको निरन्तर उपलब्धता बलियो बनाउनुपर्छ।

मानसिक स्वास्थ्य पनि उत्तिकै गम्भीर छ। बेरोजगारी, ऋण, हिंसा, दीर्घरोग र सामाजिक असुरक्षाले मानसिक पीडा बढाइरहेको छ। आत्महत्यालाई व्यक्तिगत कमजोरी होइन मानसिक स्वास्थ्य सेवा र सामाजिक सुरक्षाको अभावसँग जोडेर हेर्न आवश्यक छ। प्राथमिक स्वास्थ्य केन्द्रसम्म मानसिक स्वास्थ्य परामर्श र आवश्यक प्रेषण प्रणाली विस्तार गरिनुपर्छ।

**ज्येष्ठ नागरिक र खाद्य सुरक्षाको प्रश्न**

सत्तरी वर्षमाथिका ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था सकारात्मक भए पनि पर्याप्त छैन। घरदैलो स्वास्थ्य सेवा, नियमित औषधि र असहाय ज्येष्ठका लागि विशेष सामाजिक स्वास्थ्य संरक्षण आवश्यक छ। अस्पताल आउन नसक्ने नागरिकलाई राज्यले घरमै पुगेर सेवा दिने प्रणाली विकास गर्नुपर्छ।

स्वास्थ्य अधिकार खाद्य सुरक्षाविना पनि अधुरो रहन्छ। पर्याप्त र सुरक्षित खाना, स्वच्छ पानी र सरसफाइ स्वास्थ्यका आधारभूत पूर्वसर्त हुन्। अस्पताल पुग्नुअघि नागरिकको स्वास्थ्य जोगाउनु पनि राज्यकै जिम्मेवारी हो।

**स्थानीय सरकार र संस्थागत सुधार**

सङ्घीय व्यवस्थापछि स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको शासन हो। त्यसैले स्वास्थ्य चौकी निर्माण गरेर मात्र दायित्व पूरा हुँदैन। स्वास्थ्यकर्मी नियमित छन् कि छैनन्, औषधि उपलब्ध छ कि छैन, दीर्घरोगी र गर्भवतीसम्म सेवा पुगेको छ कि छैन भन्ने सूचकले वास्तविक उपलब्धि देखाउँछन्।

स्थानीय तहले अति गरिब, एकल महिला, अपाङ्गता भएका र जोखिममा रहेका नागरिकको पहिचान गरी स्वास्थ्य सेवासँग जोड्ने सक्रिय भूमिका खेल्नुपर्छ।

अस्पतालमा हुने व्यवहार पनि उपचारकै हिस्सा हो। आर्थिक अवस्था वा पहिरनका आधारमा कुनै बिरामीले अपमान वा उपेक्षा भोग्न नपरोस्। आकस्मिक उपचार धरौटी वा प्रशासनिक प्रक्रियाका कारण ढिलो हुनु हुँदैन। प्रत्येक अस्पतालमा पारदर्शी शुल्क, प्रभावकारी गुनासो व्यवस्थापन, सामाजिक सेवा एकाइ र छिटो प्रेषण प्रणाली अनिवार्य हुनुपर्छ। छानबिन समिति बनाउने तदर्थ अभ्यासभन्दा त्यस्ता घटना हुनै नदिने संस्थागत संयन्त्र बढी आवश्यक छ।

**निष्कर्ष : अधिकार परिणाममा देखिनुपर्छ**

नेपालले मातृ स्वास्थ्य, स्वास्थ्य पूर्वाधार र स्वास्थ्य बीमामा उल्लेखनीय प्रगति गरेको छ। तर गरिब नागरिक उपचारकै लागि ऋणमा डुब्नुपर्ने, औषधि खोज्दै निजी फार्मेसी धाउनुपर्ने र आकस्मिक अवस्थामा अन्योल भोग्नुपर्ने यथार्थ अझै हटेको छैन।

सप्तरीको घटना प्रतिनिधि दृष्टान्तमात्रै हो। यसले राज्यलाई सोधेको प्रश्न स्पष्ट छ – संविधानले दिएको स्वास्थ्यको मौलिक हक अस्पतालको ढोकामा पुगेपछि पनि जीवित रहन्छ कि रहँदैन ?

स्वास्थ्य प्रणालीको सफलता अस्पतालको संख्या, भवनको आकार वा बजेटको प्रतिशतले होइन; संकटको घडीमा सबैभन्दा विपन्न नागरिकले कति सहज, सुलभ र सम्मानजनक उपचार पायो भन्ने आधारमा मापन हुनुपर्छ।

संविधानको स्वास्थ्य अधिकार त्यतिबेला मात्रै सार्थक हुन्छ जब अस्पतालको ढोकामा पुगेको गरिब नागरिकले आफूलाई राज्यको बोझ होइन अधिकार सम्पन्न नागरिकका रूपमा अनुभूत गर्न सक्छ।

## आजको राशिफल

**मेष** : आज व्यापारिक साझेदारीमा केही मतभेद उत्पन्न हुन सक्नेछ, त्यसैले साझेदारसँग खुला छलफल गर्नुहोला।

**बृष** : पुराना ऋण, रोग तथा विभिन्न झन्झटहरूबाट मुक्ति पाउने अनुकूल समय रहेको छ।

**मिथुन** : बौद्धिक क्षेत्र, सिर्जनात्मक कला तथा लेखन कार्यमा तपाईंको विशेष प्रगतिको लहर छाउनेछ।

**कर्कट** : आमाको विशेष माया, स्नेह र सल्लाहले तपाईंका थुप्रै अधुरा कामहरू सफलतापूर्वक सम्पन्न हुनेछन्।

**सिंह** : तपाईंको आत्मविश्वास, पराक्रम र नेतृत्व क्षमतामा उल्लेखनीय बृद्धि हुनेछ।

**कन्या** : आज तपाईंको बोलीको प्रभाव र चतुरताले जटिल कामहरू पनि सहजै बन्नेछन्।

**तुला** : मध्यान्हसम्म चन्द्रमा आफ्नै राशिमा रहने हुनाले मनमा उत्साह र स्फूर्ति छाउनेछ।

**वृश्चिक** : मध्यान्ह १२:०२ बजेपछि चन्द्रमा तपाईंको आफ्नै राशिमा प्रवेश गर्ने भएकाले आत्मबल र उत्साहमा अचानक बृद्धि हुनेछ।

**धनु** : वैदेशिक क्षेत्र वा टाढाको यात्रासँग सम्बन्धित कार्यहरूमा केही ढिलासुस्ती हुन सक्छ।

**मकर** : आयस्रोतका नयाँ बाटोहरू खुल्नेछन् भने रोकिएका धन रकम सहजै उठ्नेछ।

**कुम्भ** : कार्यक्षेत्रमा तपाईंको जिम्मेवारी र कर्तव्यनिष्ठताको उच्च कदर हुनेछ।

**मीन** : भाग्यले पूर्ण रूपमा साथ दिने हुनाले धार्मिक, सामाजिक तथा आध्यात्मिक कार्यतर्फ मन आकर्षित हुनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# लहानमा नेकपा एमालेको 'मिसन पार्टी जागरण अभियान' तीव्र, १८ वडामा भेला सम्पन्न

अपन दैनिक संवाददाता
लहान, भदौ ३१ गते



नेकपा (एमाले) ले सञ्चालन गरिरहेको 'मिसन पार्टी जागरण अभियान' अन्तर्गत लहान नगरपालिकामा संगठनात्मक गतिविधि तीव्र बनाएको छ।

अभियानअन्तर्गत नगरका १८ वटा वडामा पार्टीका बैठक तथा भेला सम्पन्न भएका छन्।

लहान नगरपालिका वडा नं. १, ४, ५, ६, ७, ९, ११, १२, १३, १५, १६, १७, १८, १९, २०, २१, २२ र २४ मा वडा कमिटीका बैठक तथा भेला सम्पन्न भएको एमालेले जनाएको हो।

सम्बन्धित वडा कमिटीका अध्यक्षहरूको अध्यक्षतामा सम्पन्न बैठक तथा भेलामा नेकपा (एमाले) का केन्द्रीय सदस्य एवं अभियानका लहान नगरपालिका इन्चार्ज मुनि साह सुडी प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए।

बैठक तथा भेलामा पार्टीको संगठनात्मक अवस्था, वडा तहमा पार्टी गतिविधिलाई थप प्रभावकारी बनाउने तथा कार्यकर्ता परिचालनलगायतका विषयमा छलफल गरिएको जनाइएको छ। अभियानमार्फत वडा तहसम्म संगठनलाई थप सक्रिय बनाउँदै पार्टी र जनताबीचको सम्बन्ध सुदृढ गर्ने लक्ष्य लिइएको लहान नगरपालिका इन्चार्ज सुडीको भनाइ छ।

यसैबीच, अभियानकै क्रममा अखिल नेपाल महिला संघ (अनेमसंघ) लहान नगरको अधिवेशनसमेत सम्पन्न भएको छ। २०८३ साल भदौ २५ गते सम्पन्न अधिवेशन सितल चौधरीको अध्यक्षतामा तथा सरियार चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो।

अधिवेशनमा महिला संगठनलाई थप सक्रिय र व्यवस्थित बनाउने तथा स्थानीय तहमा महिलाको सहभागिता र संगठनात्मक भूमिकालाई प्रभावकारी बनाउने विषयमा छलफल भएको जनाइएको छ।

एमालेले 'मिसन पार्टी जागरण अभियान' अन्तर्गत लहानका बाँकी वडाहरूमा पनि संगठनात्मक गतिविधिलाई निरन्तरता दिने जनाएको छ।

## मधेश सरकारलाई दिएको समर्थन ...........

समर्थन फिर्ता लिन सक्छ,' उनले भने।

अन्य प्रदेशमा कांग्रेसलाई बाहिर राखेर वाम गठबन्धनको सरकार बनिसकेको प्रस्ट पार्दै यादवले भने, 'हामीले मधेश प्रदेशमा पुरानै सरकारलाई निरन्तरता दिएका छौँ। सङ्घीयता ल्याउन हामी सबैको उत्तिकै ठुलो योगदान छ। त्यही भएर यो प्रदेशमा त्यस्तो किचलो नहोस् भनेर कांग्रेस नेतृत्वको सरकारलाई नै सहयोग जारी राखेका हौँ।'

तर, सरकारमा जानुपूर्व आफूहरूले गरेको सहमति अनुरूप सरकारले कुनै काम नगरेको यादवको आरोप छ। 'मुख्यमन्त्रीमाथि नै गम्भीर आरोप लाग्ने गरेको छ,' उनले भने, 'त्यो भ्रम हो कि यथार्थ हो भन्ने चिर्न पनि उहाँको ध्यान पुगेको छैन।'

मुख्यमन्त्रीले बाहिर सार्वजनिक रूपमा उठेका विषयवस्तुमाथि प्रस्ट पार्नुपर्ने एमाले नेता यादवको भनाइ छ। मुख्यमन्त्रीमाथि मन्त्रालय घटाउन असहयोग गरेको र प्रशासनिक अनियमितता बढाएको लगायतका आरोप लाग्दै आएको छ।

सरकारमा जानुपूर्व एमालेसँग भएको सम्झौतामा सरकार सञ्चालनका लागि सत्ताधारी दलहरूबिच आपसी समन्वय र उच्च समझदारी हुनुपर्ने, प्रदेशका अधुरा तथा अपुरा आयोजनाहरूलाई पूर्णता दिन प्राथमिकता दिने तथा परियोजना, योजनाहरूलाई मात्र आगामी बजेटमा समावेश गर्ने लगायतका विषय समेटिएका थिए।

कर्मचारीको सरुवा-बढुवा तथा व्यवस्थापन प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउनुपर्ने, प्रदेश सरकारका काम-कारबाहीमार्फत नागरिकलाई सुशासनको प्रत्यक्ष अनुभूति गराउने कार्ययोजना अघि सार्ने, वर्तमान राजनीतिक समीकरणलाई आगामी चुनावसम्मै दिगो र मजबुत बनाएर लैजाने लगायतका सहमति भएको थियो।

यता, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पनि सरकारलाई दिएको समर्थन फिर्ता लिन लागेको चर्चा चुलिएको छ। यद्यपि नेकपाले समर्थन फिर्ता नलिने अर्थमन्त्री युवराज भट्टराईले बताए। उनले भने, 'सरकारको कामको रफ्तार अलि घटेको जस्तो देखिए पनि अहिले सरुवा, बढुवातर्फ केन्द्रित भएकाले असोजदेखि कामले गति लिन्छ।'

एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिन लागेको भन्ने विषयबारे आफूलाई कुनै जानकारी नरहेको मन्त्री भट्टराईले बताए।

## आज विश्वकर्मा पूजा ...........

वा अन्य शुद्ध स्थलमा लगेर सेलाउने गरिन्छ।

आजका दिन कालिगढले उपयोगमा ल्याउने औजारमा पूजाआराधना गरेमा धेरै समय टिक्ने, कामका बेलामा नबिग्रने र राम्रो काम गर्न सकिनेलगायत गुण प्राप्त हुने धार्मिक विश्वास छ।

यसैबीच काठमाडौंका विभिन्न ठाउँमा विश्वकर्माका मूर्तिहरू साजसज्जा गरिएको छ।

**विश्वकर्मा भगवान को हुन् ?**

भगवान महादेवले ब्रह्मा र विष्णुलाई सृष्टिको सृजना र पालनको भिन्न भिन्नै जिम्मेवारी दिएका थिए। सृष्टिको सृजना गर्ने आफ्नो जिम्मेवारी निभाउन ब्रह्माले आफ्नो वंशजदेव शिल्पी विश्वकर्मालाई आदेश दिए।

विश्वकर्मालाई विश्वकै सबैभन्दा पहिलो इन्जिनियर र वास्तुकार पनि मानिन्छ।

उनले पाताल, मध्यलोक र स्वर्गलोक गरी तीनै लोकको निर्माण गरे।

भगवान विश्वकर्माको महत्व यो कुराले पनि स्मरण सकिन्छ कि उनको महत्वको वर्णन ऋग्वेदमा ११ ऋचाहरू लेखेर गरिएको छ।

उनको अनन्त र अनुपम कृतिमा सत्ययुगमा स्वर्गलोक, त्रेतायुगमा लंका, द्वापयुगमा द्वारिका र कलियुगमा जगन्नाथ मन्दिरको विशाल मुर्ती आदि रहेका छन्।

## धनुषामा १९ दिनसम्म बालिकालाई बन्धक बनाएर .............

गरी जनकपुरका होटलमा लगेर १९ दिनसम्म बन्धक बनाएर जबरजस्ती करणी गरेको अभियोगमा राइनसहितका व्यक्तिविरुद्ध मुद्दा दायर भएको हो। घटनामा दुई जना प्रहरीसमेत संलग्न रहेको आरोप छ।

यस घटनासम्बन्धी धनुषा जिल्ला अदालतमा मानव बेचबिखन, अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणीका दुई छुट्टाछुट्टै मुद्दा दर्ता छन्। ती मुद्दामा दुई प्रहरीसहित करिब एक दर्जन प्रतिवादी रहेको प्रहरीले जनाएको छ। अधिकांश प्रतिवादी अझै फरार छन्।

मुद्दाको मिसिलअनुसार २०८१ चैत २९ गते आमा खेतमा गएको समयमा घरनजिकै पसल सञ्चालन गर्दै आएका स्थानीय ताहिर राइनले विवाह गर्ने प्रलोभन देखाएर बालिकालाई अपहरण गरेको आरोप छ। त्यसपछि उनलाई जनकपुर ल्याएर राइनसहित अन्य व्यक्तिले जबरजस्ती करणी गरेको र विभिन्न होटलमा लगेर बेचबिखन गरेको अभियोग लगाइएको छ।

बालिका त्यहाँबाट भागेर ज्यान जोगाउन सफल भएकी थिइन्। उनले २०८२ जेठ ३ गते जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएकी थिइन्। तर जाहेरीमाथि समयमै अनुसन्धान अघि नबढेको र त्यसबीच राइन विदेश फरार भएको आरोप पीडित पक्षले लगाएको छ।

त्यसपछि २०८२ असार १७ गते बिहान करिब ४ बजे बालिका पुनः अपहरणमा परेको जाहेरीमा उल्लेख छ। बाख्रा बाँध्न घरको दैलोमा निस्किएको समयमा गाडीमा आएका अञ्जली महरासहित तीन जनाले कपडाले आँखामा पट्टी बाँधेर अपहरण गरेको जाहेरीमा दाबी गरिएको छ।

जाहेरीअनुसार बालिकालाई जनकपुरको पिडारीचोकस्थित होटल सीएफसीमा दुई दिन राखिएको थियो। त्यसपछि मुरलीचोकस्थित मधेश प्रदेश गेस्ट हाउसमा १७ दिनसम्म बन्धक बनाइएको आरोप छ। होटल सञ्चालकसहितका प्रतिवादीले बालिकामाथि जबरजस्ती करणी गरेको र ग्राहकबाट समेत पैसा लिएर करणी गर्न लगाएको अभियोगसमेत मुद्दाको मिसिलमा उल्लेख छ।

घटनापछि चौतर्फी दबाब र सुरक्षाको कारण बालिका अझै सेफ हाउसमा रहेको बताइएको छ।









अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# १५ महिनामा निर्माण सम्पन्न हुनुपर्ने जनकपुरको बसपार्क ४ वर्ष बित्दासमेत अलपत्र

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ ३१ गते**




मधेश प्रदेशको राजधानी जनकपुरमा अझै एउटा सुविधा सम्पन्न बसपार्कसमेत बन्न सकेको छैन। प्रदेशको राजधानी भए पनि फुटपाथ अतिक्रमण, फोहर व्यवस्थापनको अभावले सहर अस्तव्यस्त त छ नै, व्यवस्थित बसपार्कको अभावका कारण जनकपुर आउ-जाउ गर्ने यात्रीलाई समेत सास्ती हुने गरेको छ।

अहिले बसपार्क क्षेत्र निकै दुर्गन्धित बनेको छ। बसपार्क भित्र रहेका सडकमा खाल्डाखुल्डीका कारण गाडी गुड्दा पैदलयात्रीको कपडा हिलाम्य हुने गर्दछ। परिणामस्वरुप बसपार्कमा यात्री प्रवेश गर्नै चाहँदैनन्। त्यसैले बसपार्कलाई अहिले गाडी पार्किङ गर्ने स्थानका रूपमा मात्र प्रयोग गर्न थालिएको छ। बसपार्क भित्र टिकट काटन अथवा गाडी चढ्न खासै सर्वसाधारण पुग्दैनन्।

बसपार्क प्रवेश गर्ने मुख्यद्वारमा अहिले लाखौं खर्चिएर भव्य प्रवेशद्वार निर्माण हुँदै गरेको देखिन्छ, तर भित्र प्रवेश गर्नासाथै सडकभरि हिलो अनि जमेको पानी र त्यसमा फालिएको सडेगलेका फोहरमात्रै देखिन्छ। त्यसका बाबजुद बसहरू अव्यवस्थित तवरले पार्किङ गरेर राखेको देखिन्छ। सडकको अवस्था दयनीय भएसँगै जतासुकै फोहरको डङ्गुरमात्रै देखिन्छ। निर्माणाधीन अवस्थामा रहेको बसपार्क निर्माण सम्पन्न नहुँदै जीर्ण बन्न पुगेको छ।

बसपार्कभित्र निर्माण भएका भौतिक पूर्वाधार पनि खण्डहरको अवस्थामा परिणत हुँदै गएको छ। बसपार्कभित्र जहींतहीं ठुलाठुला घाँस उम्रिएर झाडीजस्तै बनेको छ। व्यवस्थित शौचालय नहुँदा कतिपय सर्वसाधारण सोही झाडीमा शौच गर्न बाध्य छन्।

यातायातकर्मी पनि बसपार्कको अवस्था देखेर दिक्क मान्ने गर्छन्। छाडा चौपायाको आश्रयस्थलका रूपमा समेत बसपार्क सीमित हुँदै आएको छ।

बसपार्कभित्र भेटिएका यातायातकर्मी मोहन प्रसाद साहले बसपार्कको अवस्था देखेर कटाक्ष गर्दै भने, 'बसपार्क नामको लागिमात्रै हो। यहाँको अवस्था तपाईंले देख्नुभएकै छ त, कुन एङ्गलबाट यसलाई बसपार्क भन्ने ?'

विभिन्न रुटमा चल्ने बस बाध्य भएर बसपार्कमा पार्किङ गर्नुपर्ने भएकाले मात्र यातायातकर्मीको केही चहलपहल हुने गरेको बताउँदै साहले यात्री त आउनै छाडेको प्रस्ट पारे। जनकपुरबाट बाहिर जाने यात्री भमरपुरा चोक, रामानन्द चोक, पिडारी चोकबाट बस चढ्ने गरेको उनले सुनाए।

'भरतपुर, वीरगंज, विराटनगर लगायतका बसपार्कहरू भन्दा यो बसपार्कको क्षेत्रफल निकै ठुलो भए पनि व्यवस्थापनमा न बस व्यवसायी संघको ध्यान गएको छ, न त राज्यकै,' उनले भने।

यो बसपार्क २ वर्ष अघि नै निर्माण सम्पन्न हुनुपर्ने हो तर ४ वर्ष बितिसक्दा पनि पहिलाको भन्दा पनि विजोग अवस्थामा पुगेको छ।

जनकपुरबाट राजविराज जाने तयारीमा रहेका बस चालक श्यामसुन्दर दासले भने, '१० मिनेट पछि मेरो गाडी यहाँबाट हिँड्ने हो, बसमा गएर हेर्नुस् त- एकजना पनि यात्रु छन् ? यहाँ कोही पनि बसमा चढ्न आउँदैनन्।'

उनका अनुसार बसपार्क व्यवस्थित नहुँदा यहाँबाट खाली गाडी लिएर जाने र विभिन्न चोकबाट यात्रीलाई चढाउने गरिएको छ।

जनकपुरधाम उपमहानगरपालिका -२३ मा रहेको यो बसपार्कलाई अत्याधुनिक सुविधायुक्त नमूना बसपार्क बनाउने उद्देश्यले २०७९ असारमा बडो तामझामका साथ तत्कालीन शहरी विकासमन्त्री मेटमणि चौधरीले शिलान्यास गरेका थिए। संघ सरकार अन्तर्गत रहेको संघीय आयोजना कार्यान्वयन इकाइ जनकपुरले खुलाएको बोलपत्रमार्फत श्री नागार्जुन/हेम/सावित्री जेभी जनकपुरधाम-४ ले २०७९ असार ८ गते ठेक्का लिएको थियो। कुल १० करोड २८ लाख ६६ हजार ४३९ रुपैयाँको लागतमा निर्माणाधीन यो बसपार्क १५ महिना अर्थात् २०८० असार ५ गतेभित्रै निर्माण सम्पन्न हुनुपर्ने थियो। तर निर्माण सुरु भएको ४ वर्षमा पनि अलपत्र अवस्थामै छ।

बसपार्कलाई दुई चरणमा निर्माण गर्ने तालिका अन्तर्गत पहिलो चरणमा सार्वजनिक शौचालय, टिकट काउन्टर तथा चमेनागृह, तीन वटा वेटिङ सेट, एक सय २५ वटा बस स्थायी पार्किङ यार्ड बनाउने भनिएको थियो। यस्तै २५ वटा कार तथा ५० मोटरसाइकलको अस्थायी पार्किङ, एक दशमलव ५० मिटर चौडाइ र दुई हजार दुई सय मिटर लामो फुटपाथ निर्माणसँगै डाइरिङ सिस्टमको दुई फिट व्यास, आठ सय ६० मिटर ह्युम पाइप राख्ने योजना छ। ८ हजार ८१६ दशमलव ०५ वर्गमिटरको आरसीसी पार्किङ यार्ड तथा आगमन-प्रस्थानका लागि ८ हजार ७४९ दशमलव १६ वर्गमिटरको सडक निर्माण र बसपार्कभित्र १६० वटा वृक्षरोपण लगायतका संरचना बनाउने सम्झौतामा उल्लेख छ।

संघीय आयोजना कार्यान्वयन इकाइ जनकपुरधामका प्रमुख विनोद सिंहले तोकिएका काममध्ये कतिपय काम सम्पन्न भए पनि बसपार्कभित्रको सडक नबनेका कारण त्यस्तो देखिएको बताए। उनले भने, 'सरकारले नै अन्तिम पटक म्याद थपेको छ। अब पुसभित्र ठेकदारले काम सम्पन्न सम्पन्न गर्नुपर्छ। यदि काम सम्पन्न गरेन भने ठेक्का तोडेर कारबाहीको प्रक्रिया अगाडि बढाउँछौं।'

बिटुमिन लगायत निर्माण सामग्रीको भाउ बढेका कारण पनि केही समस्या सिर्जना भएको उनले बताए।

बसपार्कको दोस्रो चरणमा पसल, रेस्टुरेन्ट, कार्यालय, आगन्तुक आवाससहितको बहुउद्देशीय चारतले भवन तथा ग्यारेज निर्माण गरिने योजना छ। धार्मिक पर्यटकको हब बन्दै गएको बेला सुविधा सम्पन्न बसपार्क निर्माण कार्य अघि बढेपछि निकै उत्साहित बनेका जनकपुरवासी अहिले बसपार्क निर्माणमा भएको ढिलासुस्ती र अन्योलता देखेर निराश बन्न थालेका छन्।

# लाखौं ठगीका आरोपित रामेश्वर महोत्तरी प्रहरी कार्यालयबाटै फरार

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ३१ गते**



लाखौं ठगी गरेको आरोपमा पक्राउ परेका प्रतिवादी प्रहरी कार्यालयबाटै फरार भएका छन्। कास्कीको पोखरा महानगरपालिका-५ घर भएका ३८ वर्षीय रामेश्वर पराजुली जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट भागेका हुन्।

मधेश प्रदेशका मन्त्रालयहरूबाट योजना मिलाइदिने भन्दै ठगेको आरोपमा सिरहा प्रहरीले उनलाई गत साउन २७ गते पक्राउ गरेको थियो। सिरहाको मुद्दा प्रक्रिया पूरा भएपछि उनलाई महोत्तरी बुझाइएको थियो। जिल्ला प्रहरी कार्यालय महोत्तरीमा रहेको मुद्दाको टुङ्गो लागेपछि अर्को कार्यालयमा बुझाउनुपर्ने प्रतिवादी प्रहरी कार्यालयबाटै सुटुक्क भाग्न सफल भएका हुन्। उनी फरार हुनुमा प्रहरीकै मिलेमतो रहेको आशङ्का गरिएको छ।

महोत्तरी प्रहरीले ठगी तथा आपराधिक विश्वासघात कसुरमा पराजुलीमाथि अनुसन्धान गरेर प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाएको थियो। उनीविरुद्ध महोत्तरीको एकडारा गाउँपालिका-४ का दरवेश राय यादवले जाहेरी दिएका थिए। दुईवटा कसुरमा अदालतले उनलाई १५-१५ हजार रुपैयाँका दरले धरौटीमा छाड्न आदेश दिएको थियो।

अदालतले तोकेको धरौटी तिरेका रामेश्वरविरुद्ध काठमाडौँका दुईवटा प्रहरी कार्यालयमा पनि जाहेरी दर्ता भएको थियो। उनीविरुद्ध प्रहरी वृत्त बौद्ध र गौशालामा दर्ता भएको जाहेरीमाथि अनुसन्धान गर्न बाँकी नै थियो। अनुसन्धानका लागि काठमाडौँ पठाउनुपर्ने प्रतिवादी जिल्ला प्रहरी कार्यालयबाटै फरार भएको महोत्तरीका एक अधिकृतले जानकारी दिए।

पराजुलीलाई अनुसन्धानका लागि पठाइदिन भन्दै प्रहरी वृत्त बौद्ध र गौशालाले महोत्तरी प्रहरीलाई पत्राचार गरेका थिए। भदौ २२ गते महोत्तरी जिल्ला अदालतले उनलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो। त्यसपछि काठमाडौँ पठाउने प्रक्रिया मिलाउँदै गर्दा प्रहरीको आँखा छलेर उनी भागेको महोत्तरीका एसपी श्याम सारु मगरले बताए। उनले भने, 'यसमा आन्तरिक छानबिन भइरहेको छ।'

## राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जनका लागि देशभरबाट ............

पुगेर विद्यार्थी, शिक्षक, अभिभावक र सरोकारवालासँग प्रत्यक्ष अन्तरक्रिया गरिएको हो।

केन्द्रका कार्यकारी निर्देशक महेन्द्र पराजुलीले भने, 'कक्षाकोठामै पुगेर विद्यार्थी र शिक्षकसँग पाठ्यक्रम कार्यान्वयनको अवस्था तथा उनीहरूले भोगिरहेका समस्या र आवश्यक सुधारका विषयमा पृष्ठपोषण लिएका छौं।' उनका अनुसार पाठ्यक्रम गतिशील दस्तावेज भएकाले समयअनुसार परिमार्जन अपरिहार्य छ।

**पाठ्यक्रमलाई व्यवहारिक बनाउनुपर्ने सुझाव**

सरोकारवालाले पाठ्यक्रमलाई थप चुस्त, लचिलो र व्यवहारिक बनाउनुपर्ने सुझाव दिएका छन्। विद्यालय तहदेखि नै सीप, व्यावसायिक ज्ञान तथा उद्यमशीलता विकासमा जोड दिनुपर्ने, सूचना प्रविधिको तीव्र विकासलाई ध्यानमा राख्दै एआई र कोडिङलाई पाठ्यक्रमसँग जोड्नुपर्ने माग उठेको छ। जलवायु परिवर्तन, विपद् व्यवस्थापन र नैतिक शिक्षा तथा संस्कारमा आधारित शिक्षालाई बलियो बनाउनुपर्ने विषय पनि प्राथमिकतामा परेको केन्द्रले जनाएको छ।

**शिक्षक तयारी र मूल्याङ्कन प्रणालीमा सुधारको माग**

पाठ्यक्रम मात्र परिवर्तन गरेर अपेक्षित शैक्षिक उपलब्धि हासिल नहुने भन्दै सरोकारवालाले शिक्षकको पेशागत विकास र क्षमता अभिवृद्धिलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएका छन्। मूल्याङ्कन प्रणालीमा समावेशिता बढाउनुपर्ने र विद्यालयमा 'बुक फ्री डे' तथा 'ब्यागलेस डे' जस्ता अभ्यासलाई प्रभावकारी बनाउनुपर्ने सुझावसमेत प्राप्त भएको छ।

यसअघि शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलसहितको उच्चस्तरीय टोलीले भदौ २६ देखि २९ गतेसम्म मधेश प्रदेशका विभिन्न जिल्लामा पुगेर विद्यार्थी तथा सरोकारवालासँग छलफल गरेको थियो।

केन्द्रका अनुसार सरोकारवालाबाट प्राप्त सुझावसँगै विज्ञहरूले तयार पारेका १२ वटा थिमेटिक पेपर तथा अनुसन्धान प्रतिवेदनका निष्कर्षलाई पनि पाठ्यक्रम परिमार्जनको आधार बनाइनेछ। सबै सुझावको विश्लेषण गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ परिमार्जनको कार्य अघि बढाइने केन्द्रले जनाएको छ।

## एक क्विन्टल बढी गाँजा बरामद भएको एम्बुलेन्सको ............

जुटको बोरामा प्याक गरिएको गाँजा बरामद भएको हो। अहिले एम्बुलेन्स जिल्ला प्रहरीको नियन्त्रणमा छ।

संस्थाले उक्त एम्बुलेन्स सिरहाको कर्जन्हा नगरपालिका बगहा घर भएका सितेन मण्डललाई चालक राखेर सञ्चालन गर्न दिएको बताए पनि चालक स्वयं उनी हुन् वा होइनन् भन्ने खुलेको छैन। प्रहरीका अनुसार पछिल्लोपटक एम्बुलेन्स सञ्चालन गरिरहेका व्यक्तिले संस्थासँग के, कसरी र कहिलेसम्मको सम्झौता गरेका थिए, त्यसको आधारमा मात्र कानुनी कारबाही अगाडि बढ्नेछ।

**दुई महिनामा साढे १० क्विन्टल गाँजा बरामद**

पछिल्लो साउन र भदौमा जिल्लाका विभिन्न युनिटहरूबाट खटिएको प्रहरी टोलीले १० क्विन्टल ५६ किलो ९२२ ग्राम प्रतिबन्धित गाँजा बरामद गरेका छन्। सशस्त्र प्रहरी बल गण नं. ७ हेडक्वार्टरबाट खटिएको टोलीले २४ भदौमा औरही गाउँपालिका-४, इँटाटारस्थित सीमा क्षेत्रबाट टाउकोमा बोकेर भारततर्फ लैजाँदै गरेको अवस्थामा १५७ किलो २०७ ग्राम गाँजा बरामद गरेको थियो।

सिरहा प्रहरीका अनुसार गत साउन महिनामा सात क्विन्टल ९४ किलो ७१५ ग्राम गाँजा बरामद भएको थियो। पछिल्लो आर्थिक वर्ष ०८२-८३ को साउनदेखि असारसम्म १२ महिनाको अवधिमा जिल्लाका विभिन्न ठाउँबाट ३० क्विन्टल ७३ किलो ४२९ ग्राम गाँजा बरामद भएको प्रहरीको तथ्यांकमा उल्लेख छ।

